सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३४५ ♦ २०८३ साल भदौ २१ आइतवार ♦ 6 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## जनकपुरधामका पोखरी संरक्षणमा गुठीको कडाइ, थप १५ पोखरी खाली गराइँदै

**खबर दर्पण समाचारदाता**

**भदौ २० गते, वर्दिवास**

जनकपुरधाम उपमहानगर पालिकाभित्र गुठी संस्थानअन्तर्गत रहेका पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमण हटाउने अभियानलाई गुठी संस्थान शाखा कार्यालय धनुषाले थप तीव्र बनाएको छ।

अतिक्रमण हटाउने अभियानअन्तर्गत पहिलो चरणमा भदौ ६ गते जनकपुरधामका सात वटा पोखरीका डिलमा निर्माण गरिएका घर तथा अन्य संरचना डोजर प्रयोग गरी हटाइएको थियो । पहिलो चरणको कारबाहीको १४ दिनपछि गुठी संस्थानले दोस्रो चरणमा थप १५ वटा पोखरी तथा तिनका डिल खाली गर्न सार्वजनिक सूचना जारी गरेको हो ।



गुठी संस्थानले शुक्रबार जारी गरेको सूचनामार्फत सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र पोखरी र पोखरीका डिलमा गरिएको अतिक्रमण हटाउन भनिएको छ। तोकिएको अवधिमा अतिक्रमण नहटाए आठौं दिनदेखि डोजर प्रयोग गरी घर तथा अन्य संरचना हटाइने चेतावनी सूचनामा दिइएको छ ।

गुठी संस्थानका अनुसार अतिक्रमण हटाउन लागिएका पोखरीमा देवान पोखरी (चन्द्रकूप), मध्यमासर, रुक्मिणी सर, विडाल सर (विराही), गेन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जिरोमाइलभन्दा उत्तर पूर्वी), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहार कुण्ड रहेका छन् ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२ को प्रतिवेदन कार्यान्वयन समितिका सदस्य सचिव जनक पोखरेलले निर्धारित समयभित्र सम्बन्धित पक्षले अतिक्रमण नहटाए पुनः डोजर सञ्चालन गरिने बताउनुभयो ।

उहाँका अनुसार दोस्रो चरणमा समेटिएका १५ पोखरीमध्ये १२ वटाको रेखांकन भइसकेको छ । बाँकी तीन पोखरीको रेखांकनसमेत आइतबारसम्म सम्पन्न गर्ने तयारी छ ।

अतिक्रमित पोखरी पहिचानका लागि वृहत्तर जनकपुर विकास क्षेत्र परिषद्का तत्कालीन प्रमुख भोजराज घिमिरेले तयार पारेको प्रतिवेदनलाई आधार बनाइएको छ । अतिक्रमण भएको वास्तविक क्षेत्र भने नापी कार्यालयले रेखांकन गर्दै आएको समितिले जनाएको छ ।

गुठी संस्थानले जारी गरेको सूचनामा राजगुठीअन्तर्गत रहेका पोखरी तथा पोखरीका डिलमा विभिन्न व्यक्ति तथा संस्थाले अनुमति बिना संरचना निर्माण गरी भोगचलन गर्दै आएको उल्लेख छ। तोकिएको समयभित्र अतिक्रमण नहटाए प्रचलित कानुनबमोजिम कारबाही गरिने संस्थानले जनाएको छ ।

यसअघि पहिलो चरणमा अतिक्रमण हटाउने क्रममा कच्ची घर मात्रै भत्काइएको र पहुँचवाला तथा आर्थिक रूपमा सक्षम व्यक्तिका पक्की घर भने नहटाइएको आरोप लागेको थियो । अतिक्रमण हटाउने क्रममा आर्थिक लेनदेन भएको आरोपसमेत केही प्रभावित व्यक्तिले लगाएका थिए ।

तर, समितिका सदस्य सचिव पोखरेलले उक्त आरोप अस्वीकार गर्नुभएको छ । उहाँले कसैप्रति विभेद नगरेको र कुनै किसिमको आर्थिक लेनदेन नभएको दाबी गर्नुभयो ।

उहाँका अनुसार नापी कार्यालयले गरेको रेखांकन तथा उपलब्ध गराएको नापनक्साका आधारमा मात्रै संरचना हटाइएको हो । 'हामीले कहीं पनि वा कसैसँग काखापाखा वा आर्थिक लेनदेन गरेका होइनौं । नापी कार्यालयले रेखांकन गरी दिएको नापनक्साअनुसार संरचना हटाएका हौं,' उहाँले भन्नुभयो ।

पहिलो चरणमा घर भत्काइएका व्यक्तिले भने गुठी संस्थानले आफूहरूमाथि विभेद गरेको आरोप लगाउँदै आएका छन् । उनीहरूले एउटै पोखरीको डिलमा एकै लाइनमा रहेका घर मध्ये केही भत्काइएको र केहीलाई लालपुर्जा रहेको भन्दै छाडिएको दाबी गरेका छन् । प्रभावित व्यक्तिहरूका अनुसार एउटै डिलमा रहेका २५ घर मध्ये २० वटा भत्काइएको र पाँच वटा घर लालपुर्जा रहेको भन्दै छाडिएको छ । उनीहरूले पोखरीको डिलमा लालपुर्जा कसरी कायम भयो भन्ने विषयमा समेत छानबिन हुनुपर्ने माग गरेका छन् ।

गुठी संस्थानले भने अतिक्रमण हटाउने क्रममा नापी कार्यालयबाट गरिएको रेखांकनलाई नै आधार बनाइएको स्पष्ट गर्दै आएको छ ।

जनकपुरधामका ऐतिहासिक पोखरी तथा गुठी सम्पत्तिमा लामो समयदेखि अतिक्रमण हुँदै आएको भन्दै संरक्षणको माग उठ्दै आएको थियो । पछिल्लो समय गुठी संस्थानले चरणबद्ध रूपमा अतिक्रमण हटाउने प्रक्रिया अघि बढाएपछि ऐतिहासिक पोखरी तथा गुठी सम्पत्तिको संरक्षणको विषय पुनः चर्चामा आएको छ ।

## महोत्तरीको सोनमा -६ बाट दुई करोड ४० लाख बराबरको एप्पल कम्पनीका १२ सय थान एयरपड्स बरामद

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**भदौ २० गते, महोत्तरी**

महोत्तरीको सोनमा गाउँपालिका-६, मगरथानाबाट शनिबार बिहान सशस्त्र प्रहरीले करिब दुई करोड ४० लाख रुपियाँ बराबरको एप्पल कम्पनीका १२ सय थान एयरपड्स बरामद गरेको छ।

सशस्त्र प्रहरी नायब महानिरीक्षक एवम् प्रवक्ता नेत्रबहादुर कार्कीका अनुसार भारतबाट अवैध रूपमा नेपालतर्फ ल्याउँदै गरेको उक्त परिमाणका एयरपड्स सशस्त्र प्रहरी बल नेपाल नं. ९ गण महोत्तरीबाट सशस्त्र प्रहरी निरीक्षक राजेन्द्रबहादुर कार्की, सीमा सुरक्षा गुल्म रघुनाथपुरबाट सशस्त्र प्रहरी नायब उपरीक्षक गणेशदत्त पाण्डे र बोर्डर आउट पोस्ट खैरवनीबाट सशस्त्र प्रहरी निरीक्षक कृष्ण गिरीको टोलीले बरामद गरेको हो।




उक्त एयरपड्स ल्याउने व्यक्ति सशस्त्र प्रहरीको गस्ती टोलीलाई देख्नासाथ फरार भएका थिए। बरामद एयरपड्स आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रियामा रहेको सशस्त्र प्रहरीले जनाएको छ।

## जनकपुरधाममा आज ८ घण्टा विद्युत् आपूर्ति अवरुद्ध हुने

**खबर दर्पण समाचारदाता**

**भदौ २० गते, जनकपुरधाम**

नेपाल विद्युत् प्राधिकरण जनकपुर वितरण केन्द्रले जनकपुरधामका विभिन्न क्षेत्रमा आइतबार विद्युत् आपूर्ति अवरुद्ध हुने जनाएको छ।

प्राधिकरणका अनुसार जीर्ण अवस्थामा रहेका विद्युत् पोलहरू परिवर्तन गर्ने तथा विद्युत् लाइनमा छोएका रुखका हाँगाहरू काट्ने कार्यका लागि आइतबार बिहान ७ बजेदेखि दिउँसो ३ बजेसम्म विद्युत् सेवा प्रभावित हुन सक्नेछ।

उक्त अवधिमा सिटी-३ र रिङ फिडर अन्तर्गतका क्षेत्रमा विद्युत् आपूर्ति अवरुद्ध हुने प्राधिकरणले जनाएको छ ।

विद्युत् सेवा प्रभावित हुने प्रमुख क्षेत्रहरूमा मिल्स एरिया, कदमचोक, रेल्वे स्टेशन, कपिलेश्वर, महुवा, मालपोत कार्यालय आसपास, पिररिया माइस्थान, कुवा, रामपुर, लोहना, हनुमाननगर, प्रदेश सभा भवन, माछापालन क्षेत्र, विमानस्थल तथा धनौजी गाउँपालिका लगायत रहेका छन् ।

# किन हुन्छ बलात्कार ?

**पुरुषले महिलालाई यौन सन्तुष्टिको साधन मानेका कारण नै बलत्कारको घटना हुने गर्छ । नेपालको कानुनले योनि, गुदद्वार र मुखमा लिंगको प्रवेशलाई बलात्कार मानेको छ । तर औंला वा शरीरका अन्य अंग र बाहिरी वस्तुलाई जबर्जस्ती गुदद्वारलगायतमा प्रवेश गराउने कार्यलाई बिश्वका अन्य देशमा बलात्कार मानिन्छ तर नेपालमा मानिएको छैन ।**



बिष्णु गिरी निश्चल

नेपालमा बलात्कारका घटना सम्बन्धी पछिल्लो उपलब्ध जानकारी हेर्दा, हालै निकै चर्चामा आएको घटना बाराको सिमरामा ३ वर्षीया बालिकाको बलात्कारपछि हत्या हो । त्यस्तै सुर्खेतको वीरेन्द्रनगरमा १६ वर्षीया किशोरीको बलात्कारपछि हत्या भएको छ । पछिल्ला पाँच आर्थिक वर्षमा हरेक वर्ष औसत २५० जना १० वर्षभन्दा कम उमेरका बालिका बलात्कारको घटनामा पीडित भएको नेपाल प्रहरीको तथ्यांकले देखाउँछ ।

पछिल्लो समय बैबाहिक बलात्कारका घटनाहरु पनि बढ्न थालेका छन् । बलात्कारका घटना बढेसँगै बेबाहिक बलात्कारका घटना समेत सार्वजनिक हुने क्रम बढदो छ । हिजो आज भने आधनुकिकरण सँगै नैतिक मूल्य, मान्यता र आदर्शमा ठूलो ह्रास आएको छ । कुनै व्यक्ति बलात्कार गर्न त्यस समय उत्तेजित हुन्छ, जब उसमा यौन उत्तेजना धेरै देखिन्छ, तर यौन उत्तेजना मेट्ने साधन प्राप्त हुदैन । वास्तवमा पुरुषले महिलालाई यौन सन्तुष्टिको साधन मानेका कारण नै बलत्कारको घटना हुने गर्छ । अहिले निर्माण भएका फिल्महरुले समेत यौन दुर्व्यवहारमा बढवा दिएको देखिन्छ । प्रायः हिन्दी फिल्म, नेपाली फिल्ममा यस्ता दृश्यहरु राखिएको छ । बलात्कृत महिलालाई शारीरिक, मानसिक तथा भावनात्मक रुपमा समेत चोट परेको हुन्छ । नेपाल जस्तो गरीब र अशिक्षित देशहरुमा बलात्कारका अधिकांश घटनाहरु प्रकाशमा नै आउदैनन् ।

अहिले विद्यमान जबर्जस्ती करणीसम्बन्धी कानुनी व्यवस्थामा सुधार को खाँचो छ भनेर आवाज उठने गरेको छ । बलात्कारजस्तो गम्भीर अपराध नियन्त्रणका लागि बनेका अन्तर्राष्ट्रिय मापदण्डका आधारमा नेपालको कानुन अलि फितलो छ । प्रचलित कानुनले बलात्कारलाई बलात्कार मान्दैन बलात्कार जनाउन प्रयोग हुने कानुनी शब्द होजबर्जस्ती करणी । यसअघिको मुलुकी ऐनमा 'जबर्जस्ती करणीको महल' थियो । हाल प्रचलित मुलुकी अपराध संहितामा पनि 'जबर्जस्ती करणी' सम्बन्धी परिच्छेद छ । जबर्जस्ती करणी भन्नाले हिंसाको प्रयोगबाट करणी सम्पन्न भएकै हुनुपर्ने अनिवार्य हुनुपर्ने जस्तो देखिन्छ तर हिंसाबिना पनि बलात्कार हुन सक्छ यस तर्फ कानुन निर्माताहरुको ध्यान पुगेको देखिदैन ।

अपराध संहिताको दफा २१९ ले कसैले कुनै महिलालाई मञ्जुरी नलिई करणी गरे वा मञ्जुरी लिएर भए पनि १८ वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरे बलात्कार गरेको मान्छ । सोही दफाले मञ्जुरीबिना गुदद्वार वा मुखमा लिंग पसाए र लिंगबाहेक अन्य कुनै वस्तु योनिमा प्रवेश गराए पनि बलात्कार मान्छ । महिलालाई मात्रै बलात्कारको सम्भावित पीडित मान्ने हैन तेस्रो लिंगी, वयस्क पुरुष र बालक पनि बलात्कारको अपराधबाट पीडित हुन सक्छन यसलाई पनि कानुनले समेटन सकेको छैन । नेपालको कानुनले योनि, गुदद्वार र मुखमा लिंगको प्रवेशलाई बलात्कार मानेको छ । तर औंला वा शरीरका अन्य अंग र बाहिरी वस्तुलाई जबर्जस्ती गुदद्वारलगायतमा प्रवेश गराउने कार्यलाई बिश्वका अन्य देशमा बलात्कार मानिन्छ तर नेपालमा मानिएको छैन । तर सर्वोच्च अदालतले महिलाले महिलालाई बलात्कार गर्न सक्ने तथा कृत्रिम लिंगको प्रयोगबाट पनि बलात्कार को अपराध हुन सक्ने नजिर कायम गरेको छ तर कानुन नै चाहि बनेको छैन । अपराध संहिताले १८ वर्षभन्दा कम उमेरकी बालिकासँग सहमतिमै यौनसम्बन्ध राखे पनि बलात्कार मान्छ । करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा बन्धक बनाई लिएको वा होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई सहमति मान्दैन । सर्वोच्च अदालतले २०६५ मा आदेश जारी गर्नुअघिसम्म वैवाहिक बलात्कारलाई अपराध मानेको थिएन । आफ्नी श्रीमतीबाहेक अन्य महिलालाई जबर्जस्ती करणी गरे मात्रै अपराध मान्ने मुलुकी ऐनको व्यवस्थाले वैवाहिक सम्बन्धका आधारमा बलात्कार जस्तो जघन्य अपराधमा उन्मुक्ति दिन्थ्यो । तर सर्वोच्च अदालतले मुलुकी ऐनको त्यस्तो प्रावधानलाई संशोधन गर्न संसद्लाई निर्देशन दिएपछि अहिले वैवाहिक बलात्कार कसुर मानिने कानुन बनेको छ । तर यस्तो अपराधमा सजाय भने अन्य व्यक्तिलाई बलात्कार गर्दा हुनेभन्दा न्यून छ । संशोधित मुलुकी ऐनमा 'अदालतबाट दोषी ठहर भएपछि तीनदेखि पाँच वर्ष कैद हुने' व्यवस्था थियो । अपराध संहिताले यसलाई बदलेर 'पाँच वर्षसम्म' बनाएको छ । २०७२ सालसम्म बलात्कारको मुद्दा ३५ दिनभित्र अदालतमा चलाइसक्नुपर्ने व्यवस्था थियो । जसका कार ण बलात्कारपीडितका धेरै मुद्दा अदालत पुग्नै सकेनन । तर २०७२ सालपछि मात्रै मुलुकी ऐन संशोधन गरेर हदम्याद ६ महिना पुर्‍याइदियो । २०७५ भदौ १ देखि लागू भएको अपराध संहितामा हदम्याद एक वर्ष पुर्‍याइएको छ । तर अपराध संहितामा हाडनाता करणीमा जहिलेसुकै उजुरी गर्न सकिने व्यवस्था छ ।

**के छ कानुनमा ?**

मुलुकी अपराध संहिताको परिच्छेद १८ मा करणीसम्बन्धी कसूर र त्यसको दण्ड व्यवस्थाबारे उल्लेख गरिएको छ । जसको दफा २१९ मा जवरजस्ती करणी गर्न नहुने उल्लेख छ । त्यसरी कानुनले नगर्न भनिएको कुरा गरेमा कुन कुन अवस्थामा के कति दण्ड सजाय हुने भन्ने प्रष्ट गरिएको छ । दफा २१९ को उपदफा (२) मा कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ ।

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन, (ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन, (ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ ।

(३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ, (क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद, (ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदेखि बीस वर्षसम्म, (ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म, (घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म,(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म । (४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैबाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जवरजस्ती करणी गरेमा पाँच वर्ष सम्म कैद हुनेछ ।


## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बाढीपीडितको सहयोगमा जनकपुरधामका व्यवसायी एकजुट

**खबर दर्पण समाचारदाता**
**भदौ २० गते, जनकपुरधाम**

रसुवामा आएको बाढीबाट प्रभावित परिवारका लागि जनकपुरधाममा सञ्चालन गरिएको राहत सामग्री सङ्कलन अभियानमा स्थानीय व्यवसायी, महिला उद्यमी तथा विभिन्न सङ्घसंस्थाले उल्लेख्य सहयोग गरेका छन् ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घको अगुवाइमा सञ्चालन भइरहेको अभियानमा कपडा, खाद्यान्न, जुत्ता, मच्छरजाली, बालबालिकाका कपडालगायत दैनिक उपभोग्य सामग्री सङ्कलन गरिएको हो ।

अभियानअन्तर्गत रञ्जित प्लाइका सञ्चालक मोहन साह र विकास साहले १०० थान ट्र्याकसुट उपलब्ध गराउनुभएको छ। गोबरैरा-७ का पशुराम साहले बालबालिकाका फ्रक तथा महिलाका शल गरी ३० थान सहयोग गर्नुभएको छ।

त्यसैगरी पवन रेडिमेडका सञ्चालक पवन गुप्ताले विभिन्न प्रकारका १०० थान कपडा तथा सामग्री प्रदान गर्नुभएको छ। महिला उद्यमी रिंकु साह र सुनीता ठाकुरले मच्छरजाली, बालबालिकाका कपडा, फ्रुटी, बिस्कुट, सर्फलगायतका सामग्री सहयोग गर्नुभएको छ ।

डिनोभो फेसन वेयरका सञ्चालक मोहम्मद नैम शाफिले बालबालिकाका १२८ थान सर्ट र तीन थान ट्र्याकसुट उपलब्ध गराउनुभएको छ। सिया कलेक्सनका सञ्चालक पप्पू साहले टी-सर्ट, बालबालिकाका कपडा, महिलाका जिन्स, ज्याकेट, कुर्तालगायतका सामग्री सहयोग गर्नुभएको छ।

सलीम सु सेन्टरका सञ्चालक पप्पू आलमले १०० थान जुत्ता तथा शोभा रेडिमेडका हरिनारायण गुप्ताले जिन्स पेन्ट, भेस्ट र ज्याकेट गरी १०० थान सामग्री उपलब्ध गराउनुभएको छ ।

रेहान-कृष्णा, महावीर चोकको मञ्जु साहले खाद्यान्न, बालबालिकाका कपडा, साडी, जिन्स पेन्टलगायत करिब २० हजार रुपियाँ बराबरको सामग्री सहयोग गर्नुभएको छ । कन्हैया साडी हाउसका सञ्चालक नागेन्द्र साहले ९० थान साडी प्रदान गर्नुभएको छ ।

जानकी पथस्थित गोपाल खिलौना पसलका गोपाल रौनियारले बालबालिकाका फ्रक, महिलाका सूट, पुरुषका सर्ट, बालबालिकाका भेस्ट, महिलाका टप तथा जिन्सलगायतका सामग्री सहयोग गर्नुभएको छ। उमेश एन्ड राकेश वस्त्रालयका सञ्चालक बदामी साहले २० थान साडी र २६ थान महिला सूट प्रदान गर्नुभएको छ।

यसैगरी पुस्तक व्यवसायी सङ्घ जनकपुरधामका अध्यक्ष प्रकाश धमला, निवर्तमान अध्यक्ष सरोज चौधरीलगायत पदाधिकारी तथा पुस्तक व्यवसायीले १०१ थान ट्र्याकसुट सहयोग गरेका छन् । लक्ष्मी जनरल अर्डर सप्लायर्सका सञ्चालक बजरङ्ग साहले १६ थान रेडिमेड सूट गरी करिब १६ हजार रुपियाँ बराबरको सामग्री उपलब्ध गराउनुभएको छ ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका सचिव नरेन्द्र विक्रम साह 'निरज' ले विपद्को समयमा व्यवसायी तथा नागरिक समाजबाट प्राप्त सहयोगले सामाजिक उत्तरदायित्व र मानवीय एकताको भावना उजागर गरेको बताउनुभयो ।

उहाँले राहत अभियानमा सहयोग गर्ने व्यवसायी, महिला उद्यमी, सङ्घसंस्था तथा व्यक्तिगत सहयोगदाताप्रति आभार व्यक्त गर्दै विपद्का समयमा प्रभावित परिवारलाई आवश्यक सामग्री उपलब्ध गराउनु सबैको साझा दायित्व भएको बताउनुभयो।

सङ्कलन गरिएका राहत सामग्री रसुवा बाढीबाट प्रभावित परिवारसम्म पुऱ्याउने तयारी भइरहेको जनाइएको छ । अभियानमा थप सहयोगसमेत जुट्ने क्रम जारी रहेको सङ्घले जनाएको छ ।

# संस्थागत नीति तथा अनुपालनसम्बन्धी पुनर्ताजगी तालिम

**खबर दर्पण समाचारदाता**
**भदौ २० गते, बर्दिवास**

इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थागत नीति तथा अनुपालनसम्बन्धी पुनर्ताजगी तालिम आयोजना गरेको छ। संस्थाका कर्मचारी तथा सम्बन्धित प्रतिनिधिहरूको सहभागितामा आयोजित तालिममा संस्थागत नीति, नियम तथा अनुपालनका विषयमा जानकारी गराइएको थियो। सहभागीलाई संस्थाको नीति तथा कार्यप्रणालीबारे थप स्पष्टता प्रदान गर्दै कार्यसम्पादनलाई प्रभावकारी बनाउने उद्देश्यले तालिम आयोजना गरिएको जनाइएको छ।

कार्यक्रमको उद्देश्यको बारेमा कर्जा विभाग प्रमुख अमर नाथ सेढाइले प्रस्ट्याउनु भएको थियो भने कार्यक्रम संचालन अनुगमन अधिकृत बिनोदकुमार भट्टराइले गर्नुभएको थियो ।

कार्यक्रम वर्दिवास स्थित होटेल टिका टेम्पलमा आयोजना गरिएकोमा सैस्थाका ८ वटा शाखामा कार्यरत शाखाका प्रमुख तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

तालिममा संस्थागत नीति तथा अनुपालनको महत्व, कर्मचारीको जिम्मेवारी र संस्थागत कार्यप्रणालीका विषयमा पुनर्ताजगी गराइएको थियो। तालिममा सहभागीहरूले संस्थाको सेवा प्रवाह तथा कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन यस्ता कार्यक्रम उपयोगी हुने बताएका छन्।

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

धनुषाधाम नगरपालिका, धनुषा

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा



# कुशको शव बनाएर किरिया बस्दै थियो परिवार, ११ औँ दिनमा बाढीबाट जीवितै फर्किइन् चण्डिका

**खबर दर्पण समाचारदाता**

**भदौ २० गते, बर्दिवास**

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले घर बगाएपछि परिवारले चण्डिका श्रेष्ठको माया मारिसकेका थिए। बाढी आएको आठ दिनसम्म अत्तोपत्तो नलागेपछि परिवारले कुशको शव बनाएर उनको काजकिरिया नै सुरु गरिसकेको थियो। तर, मृत्यु संस्कार चलिर हँदा बाढी आएको ११ औं दिनमा ६४ वर्षीया चण्डिकालाई उद्धार कर्ताले जीवितै फेला पारेका छन्। नुवाकोटको विदुर नगरपालिका-१० की श्रेष्ठलाई सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षक सुमन विकको कमान्डमा खटिएको टोलीले उद्धार गरेको हो। बेत्रावती बजारस्थित आनन्द श्रेष्ठको घरबाट उनलाई अर्धअचेत अवस्थामा निकालिएको थियो। उद्धारपछि हेलिकप्टरमार्फत त्रिशूलीस्थित नेपाली सेनाको मैबल ब्यारेकमा प्रारम्भिक उपचार गरेर उनलाई अहिले काठमाडौँको छाउनीस्थित सैनिक अस्पतालमा ल्याइएको छ।

चण्डिकालाई घुँडाको अपरेसनका लागि त्रिवि शिक्षण अस्पताल लगियो

बाढीले चण्डिका र उनका श्रीमान् घरभित्रै रहेको बेला साढे चार तल्लाको घरलाई नै जुरुक्कै उचालेर लगेको थियो। उनका सम्धी रमेशमान श्रेष्ठका अनुसार बाढीले बगाएको घर त्रिशूलीको किनारमा पुगेर अड्किएको थियो। 'हामीले आठौं दिनसम्म धेरै खोज्यौं,' रमेशमानले भने, 'कहीं कतै नभेटेपछि सम्भव छैन भनेर आश मार्‍यौं।'

चण्डिकाका ज्वाइँले दुई-तीन दिनसम्म बेत्रावती र त्रिशूलीको किनारमा खोजतलास गरेका थिए। तर, वरपर लासहरू गन्हाउन थालेको र मास्कविना जानै नसकिने अवस्था आएपछि उनीहरू निराश भएर फर्किए। दलदलका कारण उद्धार टोली समेत पुग्न सकेको थिएन। 'फर्केर आएको भोलिपल्ट वा पर्सिपल्ट परिवारका सबै सल्लाह गरे,' र मेशमानले थपे, 'कुश बनाएर काजकिरिया र दाहसंस्कार गर्ने निधो भयो।' त्यसपछि काठमाडौंको सानो भऱ्याङस्थित घरमा काजकिरिया सुरु गरिएको थियो।

एकातिर परिवार किरियामा बसेको थियो, अर्कोतिर र मेशमानको मनले भने पूर्ण रूपमा हार मानेको थिएन। 'घर मै हो भने त पानी वा चाउचाउ जे खाएर भए पनि माथिल्लो तल्लामा गएर बसिरहेकी होली,' उनले आफ्नो मनमा उब्जिएको कुरा सुनाए, 'एकचोटी फेरि खोजौँ भन्ने मलाई लागिरहेको थियो।'

वडा कार्यालयको प्रक्रिया र परिस्थितिले गर्दा उनीहरूले दाहसंस्कारको काम अघि बढाएका थिए। तर, ११ औं दिनमा जब चण्डिका जीवितै फेला परेको खबर आयो, परिवारको खुसीको सीमा रहेन। छोरीको फोन र फेसबुकबाट खबर पाएलगत्तै रमेशमान अस्पताल पुगे। अस्पताल पुगे पनि उनले सम्धिनीलाई भेट्न भने पाएका छैनन्।

चिकित्सकले ७२ घण्टासम्म बिरामीलाई भेट्न नदिने भनेपछि उनी बाहिरैबाट हेरेर पर्खिरहेका छन्। अस्पताल परिसरमा चण्डिकाको नाति पनि छ, जो लगातार रोइरहेको छ। 'नाति रोएर हैरान पारेको छ, केही खाएको पनि छैन,' रमेशमानले भने, 'फोटोमा देखेपछि मेरी आमा चाहियो भन्दै जिद्दी गऱ्यो र यहाँ लिएर आएको हुँ।'




अघिल्लो दिनमात्रै नातिले दिनभरि भगवानको भजन गाएको उनले सम्झिए। 'यो संसारमा भगवान साँच्चै रहेछ जस्तो लाग्यो,' रमेशमानले भावुक हुँदै भने।-रातोपाटी


**डेंगुबाट कसरी बच्ने?**

बाहुला भएको/शरीर ढाकिने लुगा लगाउने

दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने।

साना केटाकेटीलाई जुनसुकै समयमा झुलभित्र सुताउने।

लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ।

घरका झ्याल ढोकामा जाली लगाउने।

**डेंगुको उपचार के ?**



डेंगु विरुद्धको कुनै औषधि नै बनेको छैन।

- डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन।
- डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न।
- एन्टिबायोटिकको प्रयोग झनै घातक हुन सक्छ।

**जलेश्वर नगरपालिका, महोत्तरी**

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,